# 2023 उपभोग्य वस्तुको भौचर योजना दोस्रो किस्ता

## सूचनासम्बन्धी नोटहरू

2023 उपभोग्य वस्तुको भौचर योजना दोस्रो किस्ता ("योजना") अन्तर्गत, स्थानीय उपभोगलाई प्रोत्साहित गर्ने उद्देश्यले प्रत्येक योग्य व्यक्तिलाई इलेक्ट्रोनिक उपभोग्य वस्तुको भौचरहरू वितरण गरिने छ, जसले गर्दा आर्थिक अवस्था सही हालतमा ल्याउन प्रोत्साहन गर्ने कुरालाई निरन्तरता दिन र इलेक्ट्रोनिक भुक्तानीको व्यापक प्रयोगलाई बढावा दिन सकिन्छ।

**<u>योग्यता मापदण्ड</u>**

दर्ता गर्ने व्यक्तिले तलका मापदण्डहरू पूरा गर्नुपर्दछ[Note1] -

(A) 29 मे 2023 ("योग्यता मिति") मा वा सोभन्दा अगाडि 18 वर्ष वा सोभन्दा माथिको उमेर पुगेको र

(B) योग्यता मितिको रूपमा,

(i) मान्य हङकङको स्थायी परिचयपत्र ("HKPIC") लिएर हङकङको स्थायी बासिन्दा भएको[Note 2] वा
व्यक्तिको दर्ता नियमावली, क्याप 177A अन्तर्गत दर्ताको कमिश्नरद्वारा जारी गरिएको मान्य छूट प्रमाणपत्र ("EC") [Note 3] वा

(ii) मान्य हङकङको परिचयपत्र लिएको हङकङको बासिन्दा भएको ("HKIC")[Note 4] वा EC[Note 5] व्यक्तिको दर्ता नियमावली, क्यापअन्तर्गत दर्ताको कमिश्नरद्वारा जारी गरिएको। 177A, जो हङकङ र मकाउ (सामान्यतया "एकतर्फी अनुमति" भनेर चिनिन्छ) जाने अनुमति लिएर हङकङमा आएको व्यक्ति हो वा, जोसँग माथिको (B)(i) द्वारा प्रायोजन गरिएको आश्रित व्यक्तिको रूपमा हङकङमा[Note 6] बस्नको लागि मान्य अनुमति रहेको छ; वा

(iii) Note 7 को अधीनमा, मान्य HKIC लिएको हङकङको बासिन्दा [Note 4] वा EC[Note 5] व्यक्तिको दर्ता नियमावली, क्यापअन्तर्गत दर्ताको कमिश्नरद्वारा जारी गरिएको। 177A, जोसँग हङकङमा बस्नको लागि मान्य अनुमति रहेको छ[Note 6] र माथि (B)(ii) मा उल्लेख गरिएका व्यक्तिहरूको प्रकारसँग सम्बन्धित रहेको छैन र

(C) हङकङबाट स्थायी रूपमा प्रस्थान नगरेको वा त्यस्तो मनसाय नभएको [Note 8]।

[Note 1: हङकङ विशेष प्रशासनिक क्षेत्र सरकार ("सरकार") ले तोकिएको मापदण्ड (अर्थात् मापदण्ड (A) देखि (C)) र सरकारले 2023 उपभोग भौचर योजना ("योजना") को उद्देश्यका लागि उपयुक्त मानेको व्यक्तिगत दर्ता गर्ने व्यक्तिहरूसँग सम्बन्धित अन्य कुनै पनि कारकहरूलाई ध्यानमा राखेर व्यक्तिगत दर्ता गर्ने व्यक्तिहरूको योग्यतासम्बन्धी निर्णय गर्ने अधिकार सुरक्षित गर्दछ (सार्वजनिक कोषको उचित प्रयोग सुनिश्चित गर्न, योजनाको दुरूपयोग रोक्न र कुनै पनि लागू कानुनी प्रावधान वा आवश्यकताहरूको विपरीत हुने कुनै पनि वितरणलाई रोक्ने कुराहरू लगायत पर्दछन्)।]

[Note 2: यदि दर्ता गर्ने व्यक्तिले HKPIC (अर्थात् ROP140/ROP140A) का लागि मान्य सङ्कलन अवधिको आवेदनको स्वीकृति लिनुभएमा, उनी/उहाँलाई HKPIC मा कागजातको प्रमाणको सन्दर्भमा मापदण्ड (B)(i) पूरा गरेको रूपमा पनि मानिन्छ।]

[Note 3: योजनाको उद्देश्यका लागि, मान्य HKIC वा EC भएको दर्ता गर्ने व्यक्तिलाई पनि मापदण्ड पूरा गर्ने मानिन्छ (B)(i), यदि उनी/उहाँले:-

(i) योग्यता मितिमा वा सोभन्दा अगाडि हङकङ स्थायी बासिन्दाको हैसियत प्राप्त गर्न योग्य रहेको छ र

(ii) स्थायी परिचय पत्र (“VEPIC”) का लागि योग्यता प्रमाणीकरणका लागि योग्यता मितिमा वा सोभन्दा अगाडि अध्यागमन विभागमा आवेदन पेश गरेको छ र VEPIC आवेदनभन्दा पछाडि 31 अगस्ट 2023 मा वा अगाडि स्वीकृत हुन्छ।]

[Note 4: यदि दर्ता गर्ने व्यक्तिले मान्य सङ्कलन अवधि सहित HKIC (अर्थात् ROP140/ROP140A) का लागि आवेदनको मान्यता दिएको छ भने, निजलाई HKIC मा कागजातको प्रमाणको सन्दर्भमा पूरा गर्ने मापदण्ड (B)(ii) वा (B) (iii) को रूपमा पनि मानिन्छ।

योग्यता मितिमा HKIC वा ROP140/ROP140A नलिएको तर योग्यता मितिमा वा सोभन्दा अगाडि हङकङ आइपुगेको र 30 मे र 27 जुन 2023 बीचको HKIC (वा मान्य सङ्कलन अवधि भएको ROP140/ROP140A) प्राप्त गरेको हङकङका बासिन्दालाई HKIC मा कागजात प्रमाणको सन्दर्भमा पूरा गर्ने मापदण्ड (B)(ii) वा B(iii) को रूपमा मानिन्छ।

योजनाको उद्देश्यका लागि, HKIC ले कार्डको अगाडिको भागले "हङकङको परिचय पत्र" शब्दहरू भएको परिचय पत्रलाई जनाउँदछ।]

[Note 5: योग्यता मितिमा वा सोभन्दा अगाडि हङकङ आइपुगेको र 30 मे र 27 जुन 2023 बीचको EC प्राप्त गरेको हङकङका बासिन्दालाई EC मा कागजात प्रमाणको सन्दर्भमा पूरा गर्ने मापदण्ड (B)(ii) वा B(iii) मानिन्छ।]

[Note 6: योजनाको उद्देश्यका लागि, "हङकङमा बस्नका लागि मान्य अनुमति" भनेको अध्यागमन अध्यादेश, क्यापअन्तर्गतको अनुमति हो। आगन्तुकको रूपमा हङकङमा बस्ने अनुमति बाहेक, 115 हङकङमा बस्ने।]

[Note 7: निम्न व्यक्तिहरूले हङकङका बासिन्दा भएतापनि क्यापअन्तर्गत दर्ता कमिश्नरद्वारा जारी गरिएको मान्य HKIC वा EC लिएका छन्। 177A (लागू हुने ठाउँमा) हङकङमा बस्न मान्य अनुमति भएका मानिसहरू, योजनाको लागि अयोग्य रहेका छन् -

- सरकारको श्रम भित्र्याउने योजना अन्तर्गत हङकङ बाहिरबाट करारका श्रमिकको रूपमा काम गर्ने कुनै पनि व्यक्ति; वा
- हङकङ बाहिरबाट घरेलु कामदारको रूपमा काम गर्ने कुनै पनि व्यक्ति; वा
- कन्सुलर सम्बन्ध अध्यादेश, क्यापको अर्थ भित्र कन्सुलर पदको सदस्य भएको कुनै पनि व्यक्ति। 557; वा

- हङकङ ग्यारिसनको सदस्य भएको कुनै पनि व्यक्ति; वा
- तोकिएको केन्द्रीय जन सरकारको यात्रा गर्ने कागजात भएको कुनै पनि व्यक्ति।]

[Note 8: योजनाको उद्देश्यका लागि, कुनै व्यक्ति हङकङबाट स्थायी रूपमा प्रस्थान गरेको छ वा त्यस्तो मनसाय गरेको छ वा छैन भनेर निर्धारण गरेको बेलामा, सरकारले निम्न लगायतका पक्षहरूमा ध्यानमा दिने छ -

(a) व्यक्ति योग्यता मितिभन्दा तुरून्तै 36 महिनाका लागि हङकङबाट लगातार अनुपस्थित छ वा छैन र यदि छ भने, उक्त अवधिमा, उनी/उहाँ:

(i) पोर्टेबल बृहत सामाजिक सुरक्षा सहायता योजनाअन्तर्गत सहायता, ग्वाङडोङ योजनाअन्तर्गत भत्ता वा फुजियान योजनाअन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्ति हो;

(ii) सम्बन्धित आधिकारिक निकायद्वारा मान्यता प्राप्त हङकङ बाहिरको विद्यालय/विश्वविद्यालयमा अध्ययन गर्दै गरेको छ;

(iii) श्रम विभागद्वारा सञ्चालित कामको छुट्टी योजनाको सहभागी भएको हो;

(iv) चिकित्सकीय समस्याको कारणले गर्दा हङकङ बाहिर अस्पतालमा भर्ना भएको छ;

(v) हङकङ बाहिर सरकारी वा हङकङमा रहेको कम्पनी/संगठनका लागि अस्थायी आधारमा कामहरू गर्दै गरेको छ*; वा त्यस्ता कामहरू गर्ने आफ्नै परिवारको सदस्यलाई सहयोग गरेको छ; र/वा

(vi) योजनाको उद्देश्यका लागि सरकारले मान्य हुने अन्य असाधारण कारण(हरू) भएको छ; र

**योजनाको उद्देश्यको लागि, यसको मतलब व्यक्ति हङकङमा रहेको कम्पनी वा संस्थामा काम गरिरहेको छ र हङकङ बाहिर काममा अस्थायी रूपमा खटाइएको छ र निजको काम सकेपछि हङकङ फर्कने मनसाय रहेको छ।*

(b) योग्यता मितिमा वा सोभन्दा अगाडि, व्यक्तिले MPF कानूनअन्तर्गत हङकङबाट स्थायी रूपमा प्रस्थान गर्ने आधारमा 65 वर्ष पुग्नुभन्दा अगाडि नै आफ्नो अनिवार्य सञ्चय कोष ("MPF") वा MPF छुट प्राप्त व्यावसायिक सेवानिवृत्ति योजनाहरू अन्तर्गतका लाभहरू फिर्ता लिनका लागि कुनै पनि मान्य दावी अनुरोध पेश गरेको छ; र

(c) योग्यता मितिको रूपमा, यदि व्यक्ति हङकङको स्थायी बासिन्दा हो भने, स्थानीय रूपमा जारी गरिएको HKPIC लिएको छ; र

(d) सरकारले व्यक्तिले निकट भविष्यमा हङकङ फर्कने कुनै मनसाय गरेको छैन भन्ने विश्वास गरेको आधारमा कुनै प्रमाण वा जानकारी छ।]

## भौचरको मूल्य

| | **योग्यता मापदण्ड (A); (B) (i) वा (B) (ii); र (C) पूरा गर्ने दर्ता गर्ने व्यक्तिहरूका लागि** | **योग्यता मापदण्ड (A); (B)(iii); र (C) भएको दर्ता गर्ने व्यक्तिहरूका लागि** |
|---|---|---|
| **विद्यमान दर्ता गर्ने व्यक्तिहरू (अर्थात् 16 अप्रिल 2023 मा पहिलो किस्ताको भौचर प्रदान** | $2,000 | $1,000 |

| | | |
|---|---|---|
| **गरिएको योग्य दर्ता गर्ने व्यक्तिहरू)** | | |
| **नयाँ दर्ता गर्ने व्यक्तिहरू** | $5,000 | $2,500 |

## दर्ता, सङ्कलन र प्रयोग

योग्य व्यक्तिहरूले निम्न जम्मा गर्ने मूल्य सुविधाहरू ("SVFहरू") मार्फत भौचरहरू सङ्कलन गर्न सक्छन्: Alipay HK, BoC Pay, Octopus, HSBC को PayMe, Tap & Go र WeChat Pay HK।

### *दर्ता*

2023 उपभोग्य वस्तुको भौचर योजनाको पहिलो किस्ता अन्तर्गत उपभोग्य वस्तुको भौचर प्राप्त गरेका दर्ता गर्ने व्यक्तिहरूका लागि, उनीहरूले आफ्नो दर्ता गरेको डाटा (भौचरहरू प्राप्त गर्नको लागि SVF अकाउन्टसहित) परिमार्जन गर्न नचाहँदासम्म, उनीहरूले फेरि दर्ता गर्नु पर्दैन र आफ्नो योग्यता पुष्टि भएपछि समान SVF अकाउन्टमार्फत बाँकी भौचर स्वचालित रूपमा प्राप्त गर्ने छन्। यदि तिनीहरूले दर्ताको डाटा परिमार्जन गर्न चाहेमा वा तिनीहरूले 2022 उपभोग्य वस्तुको भौचर योजनाका लागि सफलतापूर्वक दर्ता गरेका छैनन् भने, तिनीहरूले योजना वेबसाइट (www.consumptionvoucher.gov.hk) मा केन्द्रीय दर्ता पोर्टलमार्फत 5 देखि 27 जुन सम्ममा अनलाइन संशोधन / दर्ता गर्न सक्दछन् वा एउटा अस्थायी सेवा केन्द्रमा (सेवा केन्द्रहरूमा जानुभन्दा अगाडि अपोइन्टमेन्ट लिनका लागि कृपया 18 5000 मा सम्पर्क गर्नुहोस्)।

### अस्थायी सेवा केन्द्रहरू

*हंङ कंङ आइल्याण्ड*

1. 34/F, Revenue Tower, 5 Gloucester Road, Wan Chai
2. Unit 1202, 12/F, Olympia Plaza, 255 King's Road, North Point

*काउलुन*

3. Units 1834-1838, 18/F, Pioneer Centre, 750 Nathan Road, Mong Kok
4. Unit D, 30/F, Legend Tower, 7 Shing Yip Street, Kwun Tong

*नयाँ इलाकाहरू*

5. Units 906 - 907, 9/F, The Octagon, 6 Sha Tsui Road, Tsuen Wan
6. Leung King Estate Community Centre, Leung King Estate, Tuen Mun
7. Tin Ching Community Hall, Tin Ching Estate, Tin Shui Wai, Yuen Long
8. Unit 2310, 23/F, Metropole Square, 2 On Yiu Street, Shek Mun, Sha Tin
9. *कन्फरेन्स रुम*, Kwong Fuk Community Hall, Kwong Fuk Estate, Tai Po

### *सङ्कलन*

अक्टोपस छनौट गरेका सफल दर्ता गर्ने व्यक्तिहरूले निम्न च्यानलहरूमार्फत उपभोग्य वस्तुको भौचरहरू सङ्कलन गर्न सक्दछन्:

1. MTR स्टेशन, लाइट रेल ग्राहक सेवा केन्द्र, तोकिएको सार्वजनिक यातायात ईन्टरचेन्ज

र तोकिएको फेरी पियरहरूमा अनुदानप्राप्त सङ्कलन बिन्दुहरू स्थापना गरियो;

2. 7-Eleven, Circle K, Wellcome, Jasons को Market Place, Market Place, 3hreesixty र Jasons ichiba का सबै आउटलेटहरू;
3. अक्टोपस सर्भिस पोइन्ट्स; र
4. अक्टोपस एप।

Alipay HK, BoC Pay, HSBC बाट PayMe, Tap & Go र WeChat Pay HK छनौट गरेका सफल दर्ता गर्ने व्यक्तिहरूका लागि उपभोग्य वस्तुको भौचरहरू दर्ता गरिएका SVF खाताहरूमा सिधै जम्मा गरिने छ।

## *प्रयोग*

उपभोग्य वस्तुको भौचरहरूलाई स्थानीय खुद्रा, क्याटरिङ र सेवाका आउटलेट वा तिनीहरूको अनलाइन प्लेटफर्महरूमा प्रयोग गर्न सकिन्छ। निम्न कारोबारका सामानहरूलाई अलग गरेर राखिने छन्:

- सरकारलाई तिरेको रकम (जस्तै कर, जरिवाना, अनुमति शुल्क, सुरूङ मार्ग यात्रा गरेको शुल्क, पार्किङ मिटर)
- सार्वजनिक रूपमा उपयोग गरेको वस्तुहरू (जस्तै पानी, बिजुली र ग्याँस) को भुक्तानी
- सार्वजनिक संस्थाहरूको रकम भुक्तानीहरू (जस्तै अस्पताल प्राधिकरण, हङकङ आवास प्राधिकरण, हङकङ आवास समाज)
- शिक्षा खर्च (अर्थात् स्थानीय र स्थानीयभन्दा बाहेकका पाठ्यक्रमहरू प्रदान गर्ने प्राथमिक र माध्यमिक विद्यालय, र UGC द्वारा अनुदान प्राप्त विश्वविद्यालयहरूलाई तिरेको रकम)
- वित्तीय उत्पादन वा सेवाहरूको खरिद (जस्तै बीमा)
- दान (परोपकारी, धार्मिक र राजनीतिक संगठनहरूसहित)
- हङकङ बाहिरका व्यापारीहरूबाट गरिएका सीधा खरिदहरू (स्थानीय रूपमा बनाइएका अरू ठाउँका अनलाइन प्लेटफर्महरूमार्फत गरिने अनलाइन खरिदहरूसहित)
- व्यक्ति-व्यक्तिमा गरिने रकमको भुक्तानी
- नगदीकरण

## <u>समय तालिका</u>

### *विद्यमान दर्ता गर्ने व्यक्तिहरू (अर्थात्, 16 अप्रिल 2023 मा $3,000 वा $1,500 को पहिलो किस्ताको भौचरसँग वितरण गरिएका योग्य दर्ता गर्ने व्यक्तिहरू)*

*अक्टोपस*

| **दोस्रो किस्ता ($2,000 वा $1,000)** |
|---|
| एकपछि अर्को गरेर बढ्दै गरेको कुल "योग्य खर्च" पहिलो किस्ताको भौचर (जस्तै $3,000 वा $1,500) को भौचर रकममा पुगेपछि, $2,000 वा $1,000 को दोस्रो किस्ताको भौचर अर्को महिनाको 16 तारीखमा रकम भुक्तानी गरिने छ * (16 जुलाई 2023 सबैभन्दा अगाडिको मिति हो; 16 नोभेम्बर 2023 सबैभन्दा पछिल्लो मिति हो)। |

| |
|---|
| ***** *अक्टोपसमार्फत पहिलो किस्ताको भौचर सङ्कलन गर्ने विद्यमान दर्ता गर्ने व्यक्तिहरूलाई मात्रै लागू हुन्छ। अन्य SVF हरू मार्फत पहिलो किस्ताको भौचरहरू सङ्कलन गर्ने अन्य विद्यमान दर्ता गर्ने व्यक्तिहरूका लागि, यदि तिनीहरूले दोस्रो किस्ताको भौचर सङ्कलन गर्न अक्टोपसमा स्विच गरे भने, दोस्रो किस्ताको भौचर 16 जुलाईमा वितरण गरिने छ।* |

भौचर 30 जुन 2024 सम्म सङ्कलन गरिसक्नुपर्दछ।

*AlipayHK, BoC Pay, HSBC को PayMe, Tap&Go, WeChat Pay HK*

| **रकम भुक्तानी गर्ने मिति** |
|---|
| **दोस्रो किस्ता ($2,000 वा $1,000)** |
| 16 जुलाई 2023 |

भौचरको म्याद 29 फेब्रुअरी 2024 मा सकिने छ।

### *नयाँ दर्ता गर्ने व्यक्तिहरू*

*अक्टोपस*

| **दोस्रो किस्ताको पहिलो भौचर** ($3,000 **वा** $1,500) |
|---|
| 16 जुलाई 2023 |
| **दोस्रो किस्ताको दोस्रो भौचर** ($2,000 **वा** $1,000) |
| सञ्चित कुल “खर्च गर्ने योग्यता” पहिलो भौचर (जस्तै 3,000 वा $1,500) को भौचर रकम पुग्दा, $2,000 वा $1,000 को दोस्रो भौचर निम्न महिना (16 अक्टोबर 2023 प्रारम्भिक; 16 फेब्रुअरी 2024 नवीनतम) को 16 मा विवरण गरिने छ। |

भौचरहरू 30 जुन 2024 सम्म सङ्कलन गरिसक्नुपर्दछ।

*AlipayHK, BoC Pay, HSBC को PayMe, Tap&Go, WeChat Pay HK*

| **रकम भुक्तानी गर्ने मिति** |
|---|
| **दोस्रो किस्ताको पहिलो भौचर** ($3,000 **वा** 1,500) |
| 16 जुलाई 2023 |
| **दोस्रो किस्ताको दोस्रो भौचर** ($2,000 **वा** $1,000) |
| 16 अक्टोबर 2023 |

भौचरहरूको म्याद 29 फेब्रुअरी 2024 मा सकिनेछ।

## **सोधपुछ**

कृपया 18 5000 मा योजना हटलाइनमा सम्पर्क गर्नुहोस्। यदि तपाईंलाई योजना हटलाइनका कर्मचारीहरूसँग कुराकानी गर्न CHEER को उल्था सेवा चाहिएमा, कृपया CHEER को हटलाइन 3755 6822 मा सम्पर्क गर्नुहोस्।